# नेपाली काँग्रेसका तीन सशस्त्र क्रान्तिमा मिडियाको प्रयोग

*जगत नेपाल**

**SHIKSHYA SANDESH**
A Peer-Reviewed Multidisciplinary Journal, Indexed in NepJOL
ISSN: 2645-8721 (Print)
Year 13, Vol. 6, December 2023, pp. 1 - 6

**Published by**
Tribuvan University
Prithvi Narayan Campus
Faculty of Education
Pokhara, Nepal
E: shikshyasandesh@pncampus.edu.np
URL.: www.pncampus.edu.np

*Lecturer, Ratna Rajyalaxmi, Tribhuvan University, Nepal
Corresponding email:
*jagatnepal@gmail.com*

**Article History:**
Submitted: 2 April 2023
Reviewed: 5 September 2023
Accepted: 6 October 2023

DOI:

Copyright information:Copyright 2023 Author/s and faculty of Education, Prithvi Narayan Campus Pokhara, Nepal

This work is licensed under a Creative Commons Attribution- Non-Commercial 4.0 International License.

## सार

*प्रस्तुत अनुसन्धानात्मक लेख नेपालमा प्रजातन्त्र स्थापनाका लागि नेपाली काँग्रेसले गरेका तीनओटा सशस्त्र क्रान्ति र त्यस क्रममा मिडियालाई कसरी प्रयोग गरिएको थियो भन्ने विषयमा केन्द्रित छ । नेपाली राष्ट्रिय काँग्रेस र नेपाल प्रजातन्त्र काँग्रेसबीच एकीकरण भएर वि.सं.२००६ सालमा नेपाली काँग्रेसको स्थापना भए लगत्तै निरंकुश राणा शासनको अन्त्यका लागि २००७ सालमा पहिलो पटक हतियार उठाएको नेपाली काँग्रेसले प्रजातन्त्र स्थापनाका लागि २०१८ र २०२८ गरी तीन पटक सशस्त्र क्रान्ति गऱ्यो । पहिलो क्रान्तिबाट १०४ वर्षे राणा शासनको अन्त्य गरी मुलुकमा प्रजातन्त्र स्थापना गरे पनि उसले चलाएका दुई ओटा क्रान्ति भने सफल हुन सकेनन् । पञ्चायत विरुद्ध काँग्रेसले चलाएको क्रान्तिका क्रममा वि.सं.२०३१ सालमा ओखलढुङ्गामा कब्जा गरी समानान्तर सरकार चलाउने योजना विफल भएपछि संस्थापक नेता बीपी कोइरालाले क्रान्तिको बाटो त्यागेर पार्टीलाई शान्तिपूर्ण राजनीतिमा अवतरण गराए । नेपालको जेठो दल नेपाली काँग्रेसले सशस्त्र क्रान्तिका समयमा मिडियाको उपयोग कसरी गरेको थियो भन्ने विषयमा अनुसन्धान गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो ।*

***विशेष शब्द :*** *पत्रकारिता, नेपाली काँग्रेस, प्रजातन्त्र, सशस्त्र क्रान्ति, निरंकुश व्यवस्था*

## परिचय

भारतबाट अंग्रेजहरु फर्किने निश्चित भएको, राणा परिवारको आन्तरिक कलह उत्कर्षमा पुगेको र जनतामा राणा विरोधी भावना बढ्दै गएको अवस्थामा पटनाबाट २००३ असोज १६ (२ अक्टुवर १९४६) गते प्रकाशित हुने 'सर्च लाइट' पत्रिकामा बीपी कोइरालाको एउटा अपिल प्रकाशित भयो । नेपालमा राणा विरुद्ध संघर्ष गर्नका लागि राजनीतिक दलको आवश्यकतामा जोड दिँदै, त्यो उद्देश्य प्राप्तिका लागि संगठित हुन नेपाली समुदायलाई उनले आग्रह गरेका थिए (गौतम, २०५५ : ४१-४२) । भारतबाट अंग्रेज फिर्ता नभएसम्म राणाको निरंकुशताबाट नेपाललाई मुक्त गर्न सकिदैन भन्ने बुझाइका कारण बीपीले भारतीय स्वतन्त्रता संग्रामलाई सहयोग गर्दै नेपालमा क्रान्तिको आधार तयार गर्नु पर्छ भन्ने सन्देश त्यो अपिल मार्फत दिएका थिए । बीपीको त्यही अपिलका आधारमा स्थापना भएको नेपाली राष्ट्रिय काँग्रेस (ने.रा.कां.) ले २००३ सालमा मुलुकमै पहिलो पटक विराटनगरमा मजदुर आन्दोलन गऱ्यो । शान्तिपूर्ण सत्याग्रहका माध्यमबाट प्रजातन्त्र स्थापना गर्ने नीतिका साथ स्थापना भएको नेपाली राष्ट्रिय काँग्रेसले आफ्ना विचार र कार्यक्रमलाई जनतासम्म पुऱ्याउन मुखपत्रका रुपमा चलाएका 'नेपाल टुडे' र 'युगवाणी' पत्रिकाले प्रजातन्त्रको पक्षमा जागरण ल्याउन ठूलो भूमिका खेले (पाठक, २०७० : ५४)। नेपाली राष्ट्रिय काँग्रेसको आन्दोलनकै फलस्वरुप प्रधानमन्त्री पद्मसमशेरले भारतवाट संविधानविद् झिकाएर मुलुकको पहिलो संविधान 'नेपालको वैधानिक कानुन २००४' जारी गरे (अधिकारी, २०७१ : ६९)। कट्टरपन्थी राणाहरु जनतालाई अधिकार दियो भने आफ्ना पिता पूर्खाले चलाएको शासन धेरै समय टिकाउन सकिँदैन भनेर सुधारको पक्षमा थिएनन् । त्यसैले संविधान जारी गरेको महिना दिनपछि उपचारको वहानामा भारत गएका प्रधानमन्त्री पद्मशमशेर, प्रधानमन्त्रीको हैसियतमा फेरि स्वदेश फर्किएनन्, बरु श्रीपेच र राजिनामा पठाएर भारतमै बस्न थाले (पाँडे, २०४५, पृ ६२-६३) । त्यसपछिका प्रधानमन्त्री मोहनशमशेरले संविधान कार्यान्वयन हुन दिएनन् । २००४ चैत्र ३१ गते ने.रा.कां.लाई समेत अवैध घोषणा गरिदिए र २००५

बैसाख २ गते तत्काल संविधानका कुनै धारा प्रयोग हुन नसक्ने घोषणा गरे (बस्नेत, २०६६, पृ १०७)। यसबीच राणा परिवारको फुट सतहमा छताछुल्ल हुन पुग्यो । सुवर्णशमशेर राणा र महावीर शमशेर राणाको अग्रसरतामा नेपाल प्रजातन्त्र काँग्रेसको स्थापना भयो । प्रजातन्त्र काँग्रेसको उद्देश्य पनि ने.रा.काँ. जस्तै राणा शासनको अन्त्य र राजाको वैधानीक नेतृत्वमा प्रजातन्त्र स्थापना गर्ने नै थियो (प्रधान, २०७१ : २३१)। दुवै दल मिलेर २००६ चैत्र २७ गते नेपाली काँग्रेसको स्थापना भयो । बस्नेत (२०६६) का अनुसार : प्रजातन्त्र काँग्रेसको मुखपत्र 'नेपाल पुकार' साप्ताहिकलाई नेपाली काँग्रेसको मुखपत्र बनाइयो र हिन्दी भाषामा 'नव नेपाल' साप्ताहिक पत्रिका प्रकाशन गर्न थालियो (पृ.१३९)। २००७ सालमा नेपाली काँग्रेसको नेतृत्वमा भएको सशस्त्र क्रान्तिबाट १०४ वर्षे निरंकुश राणा शासनको अन्त्य भई मुलुकमा प्रजातन्त्र स्थापना भयो । राजा महेन्द्रले २०१७ साल पुष १ गते संसदीय व्यवस्थाको अन्त्य गरी निरंकुश पञ्चायती व्यवस्थाको शुत्रपात गरे । पञ्चायतको अन्त्य र प्रजातन्त्र वहालीका लागि नेपाली काँग्रेसले फेरि २ वटा सशस्त्र क्रान्ति चलायो तर दुवै क्रान्ति सफल भएनन् । प्रस्तुत अध्ययनको उद्देश्य नेपाली काँग्रेसले सञ्चालन गरेका तीन ओटा सशस्त्र क्रान्तिमा मिडियाको कस्तो भूमिका थियो भन्ने बिषयमा खोजी गर्नु रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित छ । गुणात्मक विधिका आधारमा तयार पारिएको लेख भएकाले यस अध्ययनमा टेवल र चार्टको प्रयोग गरिएको छैन । तथ्याङ्कलाई अनुच्छेदमा उल्लेख गरिएको छ । स्रोत सङ्कलनका क्रममा पुस्तकालय र निजी संकलनमा रहेका पुस्तक, जर्नल आदिको प्रयोग गरिएको छ । प्राप्त स्रोतलाई आधार मानी लेख तयार पार्ने क्रममा वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ ।

### प्रथम सशस्त्र क्रान्ति

पार्टी एकीकरण लगत्तै नेपाली काँग्रेसले सुरु गरेको २००७ सालाको सशस्त्र क्रान्तिको सन्देश प्रवाह गर्न नेताहरुले मिडियाको भरपुर उपयोग गरेको पाइन्छ । बस्नेत (२०६६) का अनुसार : क्रान्ति शुरु हुनु अघि २००७ साल भदौ ३० गते 'युगवाणी' पत्रिकामा 'हाम्रो अन्तिम लडाई' शिर्षकमा बीपी कोइरालाको एउटा लेख प्रकाशित भएको थियो । त्यो लेखमा पार्टीको घोषित नीति अहिंसात्मक भए पनि सशस्त्र क्रान्ति वाहेक राणा शासन फाल्ने अर्को विकल्प नरहेकाले तयारी अवस्थामा रहन कार्यकर्ताहरुलाई आग्रह गरिएको थियो । त्यसै गरी 'नेपाल पुकार' पत्रिकाले २००७ साल असोज ३ गतेको अंकमा अर्का नेता सुवर्णशमशेर राणाको लेख प्रकाशित गऱ्यो । 'हाम्रो संघर्ष' शीर्षकको त्यो लेखमा निरंकुश शासनको अन्त्य गरी संवैधानिक राजतन्त्र स्थापनाका लागि हुन लागेको क्रान्तिमा भाग लिन नेपाली जनतामा अपिल गरिएको थियो (पृ. १५९)।

२००७ साल असोज १० र ११ गते बैरगनीयामा सम्पन्न पार्टीको सम्मेलनले सशस्त्र क्रान्तिबाट राणा शासनको अन्त्य गर्ने औपचारिक प्रस्ताव पारित गऱ्यो । क्रान्तिको समयमा कार्यसमितिको बैठक गरेर निर्णय लिन सम्भव नरहेकाले आन्दोलन सम्वन्धी सम्पूर्ण अधिकार सभापति मातृकाप्रसाद कोइरालालाई दिइयो (कोइराला, २०६७, पृ. १२३)। सशस्त्र क्रान्तिको तयारी तिव्र वनाइएका बेला २००७ साल कात्तिक २१ गते शिकार खेल्न जाने वहनामा नारायणहिटी राजदरवारबाट सपरिवार वाहिरिएका राजा त्रिभुवनले भारतीय दुतावासमा शरण लिए (पाँडे, २०४५, पृ २८१)। राजालाई फकाएर फिर्ता गर्ने प्रयास असफल भएपछि राणाहरुले त्रिभुवनलाई हटाएर उनका नावालक नाती ज्ञानेन्द्रलाई राजा घोषणा गरे । कात्तिक २३ गतेको गोर्खापत्रमा 'श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहको राज्यारोहण, श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहको पदच्युत' शिर्षकमा मुख्य समाचार छापियो (गौतम्, २०५५ पृ. ३८०) । त्यसको दुई दिन पछि कात्तिक २५ गते साँझ नेपाली काँग्रेसका कार्यकर्ताहरुले बीरगञ्ज देखि काठमाडौंसम्म जहाजबाट राणा विरोधी पर्चा छरे (अधिकारी, २०७१, पृ. ९२) । कांग्रेसले छरेका ती पर्चा राणा विरुद्धको लडाईमा बमभन्दा पनि शक्तिशाली सावित भए । पर्चामा लेखिएको थियो : 'हिटलरका अवशेषहरु हो' खबरदार ! शहिदहरुको रगतले अव हामी तन्नेरी भैसकेका छौं, तिम्रो अन्त्य निश्चित छ (जोशी, २०४८, पृ. ७६)। राजा त्रिभुवनको समर्थन गर्न सैनिकलाई आग्रह गर्दै आवश्यक परे जहाजबाट बम खसालेर राणा शासकलाई समाप्त पार्ने चेतावनीको भाषा पर्चामा लेखिएको थियो । यस सम्वन्धमा २००७ साल मंसिर १ गतेको अंकमा 'गोर्खापत्र' ले लेखेको थियो : कात्तिक २५, २६ र २७ गते हिमालयन एयरको जहाजबाट देशद्रोहीले काठमाडौं, बीरगञ्ज, विराटनगर, धनकुटा लगायतका स्थानमा पर्चा खसाए (प्रधान, २०७१, पृ. ३०२)।

नेपालमा त्यो वेला गोरखापत्र वाहेक अरु पत्रिका थिएनन् । त्यसैले क्रान्तिको वातावरण बनाउन भारतीय मिडियाले सघाएको पाइन्छ । पटनाबाट प्रकाशित हुने जनता साप्ताहिकले क्रान्तिलाई विशेष प्राथमिकता दिएर 'नेपाल अंक' प्रकाशित गर्ने गरेको थियो । जसमा फणिश्वरनाथ रेणुको स्तम्भ 'हिल रहा हिमालय'मा क्रान्ति सम्वन्धी विशेष सूचना र सन्देश समावेश गरिएको हुन्थ्यो । भारतीय मिडियामा प्रकाशित समाचार समाग्रीले राणाहरुको सातो लिने गरेको थियो (जोशी, २०४८, पृ. ८०)। यसबीच भारतीय दुतावासमा शरण लिन पुगेका राजा त्रिभुवन कात्तिक २६ गते सपरिवार दिल्ली पुगेपछि राणा शासक भनै संकटमा परे । त्यही दिन राति नेपाली काँग्रेसको मुक्ति सेनाले बीरगञ्जमा सशस्त्र हमला गऱ्यो । अकस्मात त्यति भयानक आक्रमण होला

भन्ने कल्पना समेत राणाले गरेका थिएनन् । सरकार र विद्रोही सेनाबीच दोहोरो गोलावारी चलिरहेका बेला हवाई जहाजबाट विद्राहीले पर्चा खसाए (जोशी, २०४८, पृ. ६७) । सैनिक ब्यारेक भित्रै पर्चा खसाउन सक्नेले बम पनि फाल्न सक्छन् भनेर राणा फौजले आत्मसमर्पण गऱ्यो (अधिकारी, २०७१, पृ. ९४) । बिहान उज्यालो हुन नपाउदै थिरबम मल्लको नेतृत्वमा कांग्रेसको मुक्ति सेनाले बीरगञ्जमा कब्जा जमाएपछि राणा शासनका दिनगन्ती सुरु भए । भारतीय पत्रिका 'हिन्दुस्तान स्ट्याण्ड' ले त्यो घटनालाई निक्कै महत्व र प्राथमिकता दिएर समाचार छापेको थियो । जोशी (२०४८) लेख्छन् : २००७ साल कात्तिक २६ गतेको दिन बिहान कलकत्ताको भवनीपुरमा चिया पिउँदै गर्दा पत्रिका बेच्न आएका हकर कराएको आवाज सुनियो । के रहेछ भन्ने उत्साहका साथ टेलिग्राफ पत्रिका किन्न खोजे । हिन्दूस्तान स्ट्याण्ड पत्रिकाको पहिलो पृष्ठमा छापिएको समाचार देखेर अवाक भए । पत्रिकाको हेडलाइन थियो : 'नेपालमा सशस्त्र क्रान्ति...नेपाल नरेश दिल्ली सवारी...वीरगञ्जमा नेपाली काँग्रेसको मुक्ति सेना र राष्ट्रिय फौजबीच घमासान लडाइँ...मुक्ति सेनाका प्रथम सेनानी थिरबम मल्ल सिकिस्त घाइते (पृ. ७६)।'

**प्रजातन्त्र रेडियो**

देशभर राणा र काँग्रेसको मुक्ति सेनाबिच घमासान युद्ध जारी रहँदा दोस्रो विश्वयुद्धबाट फर्किएका सिपाहीले पहिलो पटक भोजपुरमा रेडियो प्रशारण गरे (गौतम्, २०५५, पृ. ३५१) । त्यस लगत्तै तारिणीप्रसाद कोइरालाले २००७ मंसिर २८ देखि विराटनगरबाट रेडियोको नियमित प्रशारण शुरु गरे । 'यो प्रजातन्त्र नेपाल रेडियो हो' । हामी मुक्तिसंग्रामको कुनै अज्ञात मोर्चाबाट बोलिरहेका छौं (कोइराला, २०६१, पृ. ५५)। त्यो नै नेपाली रेडियोको इतिहासमा प्रशारण भएको पहिलो आवाज थियो । राणा विरोधी भावना फैलाएर शासक वर्गको मनोवल कमजोर बनाउन र क्रान्तिमा जनताको समर्थन बढाउन रेडियो निक्कै उपयोगी सावित भयो । रेडियो सुन्न काठमाडौंका पसलहरुमा मानिसको भीड लाग्ने गरेको थियो । विरोधी आवाज सुन्न नसकेर कमाण्डर इन चीफ बबर शमशेरले आफ्नो रेडियो लात्ताले हानेर चकनाचुर वनाई दिएका थिए । प्रजातन्त्र नेपाल रेडियोबाट एक दिन प्रशारण भएको समाचार यस्तो थियो -"हाम्रो मुक्ति सेनाले १४ दिन देखि घेरामा पारेर राखेको शत्रुको गढलाई आजदेखि छिन्न भिन्न बनाएर सम्पूर्ण विराटनगरमा आफ्नो कब्जा जमाएको छ । अव मोरङ जिल्लाको एक इञ्च भूमि पनि शत्रुको हातमा छैन (कोइराला, २०६१, पृ. ६५)।" मुक्ति सेनाले देशका धेरै शहरहरुमा कब्जा जमाएपछि राजा, राणा र काँग्रेस विच दिल्लीमा त्रिपक्षीय सहमति भयो र १०४ वर्ष राणा शासन अन्त्य भै मुलुकमा प्रजातन्त्र स्थापना भयो । संविधानसभा निर्वाचन गरी संविधान निर्माण गर्ने, राणा पक्षबाट प्रधानमन्त्री हुने, काँग्रेसको सहभागितामा अन्तरिम सरकार बनाउने, राजा त्रिभुवनलाई राजा स्वीकार्ने, सबै बन्दी रिहा गर्ने, राजनीतिक संगठन वा पार्टी खोल्ने अधिकार दिने सहमति भएर माघ १ गते क्रान्ति स्थगित भयो (जोशी र रोज, २०६१ , पृ. ७७) । यसरी भारतीय दुतावासमा शरण लिएपछि राणा सरकारले देशद्रोहीको आरोप लगाएर राजगद्दीबाट हटाएका त्रिभुवन राजाको हैसियतमा स्वदेश फर्किए । २००७ फागुन ६ गते अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरले 'तत्कालीन राजा सुरेन्द्रवाट आफ्ना पूर्खा जंगवहादुर राणालाई शासन सञ्चालन गर्न कार्यकारी अधिकार प्रत्यायोजन गरिएको पञ्जापत्र राजा त्रिभुवनलाई फिर्ता गरे (गौतम्, २०५५, पृ. ४८६) । सिंहदरवारमा रहेको लालपेटी (बाकसभित्र पञ्जापत्र र लालमोहर थियो) को साँचो र तीन चाँद प्रधानमन्त्री राणाले राजालाई हस्तान्तरण गरेपछि वैधानीक रुपमा राणाबाट राजामा शक्ति हस्तान्तरण भयो । राणा प्रधानमन्त्रीहरुको निवासका रुपमा प्रयोग हुदै आएको सिंहदरवारलाई सरकारको केन्द्रीय सचिवालय बनाइयो (नेपाल, २०७५, पृ. १४२) । यसरी राजाको नाममा राणाहरुबाट सञ्चालन हुँदै आएको शासन विधिवत रुपमा अन्त्य भयो । त्यो बेला क्रान्ति सफल बनाउन मिडियाको कति भूमिका थियो भन्ने बारे राणा पक्षबाट वार्ताका लागि दिल्लीमा खटिएका वार्ताकार केशरशमशेर जवराले जारी गरेको वक्तव्यबाट पुष्टि हुन्छ । उनले भनेका थिए -"प्रेस ट्रष्ट अफ इण्डियाको रिपोटिङको आवाज काँग्रेसका विद्रोहीको गोली भन्दा बढी सुनिन्छ" (कोइराला, २०६५, पृ. १६९) । त्यसै गरी प्रधानमन्त्री मोहनशमशेरका छोरा विजयशमशेरले भनेका थिए -"भारतीय प्रेसमा काँग्रेसी बन्दुक भन्दा बढी आवाज निस्कन्छ (कोइराला, २०६७, पृ. १३७)।"

**दोस्रो सशस्त्र क्रान्ति**

प्रजातन्त्र स्थापना भएपछि जारी भएको नेपाल अन्तरिम शासन विधान २००७ ले वाक तथा प्रकाशन स्वतन्त्रताको ग्यारेन्टी गर्दै प्रेसले निर्वाध लेख्न पाउने वातावरण सुनिश्चित गऱ्यो । तैपनि शिक्षा, चेतना, यातायात, दक्ष जनशक्ति, बिज्ञापन, बजार, प्रविधि र वितरण प्रणालीको विकास नभएका कारण मिडियाका लागि अनुकलन वातावरण थिएन । पत्रिका खोल्ने होड बढेर गयो तर तिनको निरन्तरतातर्फ  कसैको ध्यान गएन (नेपाल, २०५७, पृ. ४)। विभिन्न राजनीतिक दल र तिनका नेताहरुले आफ्नो स्वार्थ पुरा गर्नका लागि मिडियामा लगानी गरेकाले २००७ देखि २०१७ बीचको कालखण्डमा खुलेका अधिकांश पत्रिका दल र नेताका मुखपत्र हुन पुगे । आफू निकट दलको समर्थन र विरोधीको तिखो आलोचना गरेर  नेपाली प्रेस व्यवशायिक धर्म निर्वाहमा चुक्यो । अधिकांश पत्रिका दलको प्रचार यन्त्र बने वा बनाइए । त्यो वेला 'नेपालपुकार' र 'नव नेपाल' नेपाली काँग्रेसका मुखपत्र थिए (देवकोटा, २०५९, पृ. ९४-९६)। जनताको संघर्ष र बलिदानीबाट स्थापना भएको प्रजातन्त्र सवल हुन नपाउँदै २०१७ साल पुष १ गते

राजा महेन्द्रले सैन्य बलमा पहिलो जननिर्वाचित संसद र सरकार भंग गरी निरंकुश पञ्चायती व्यवस्था प्रारम्भ गरे। प्रधानमन्त्री बीपी सहित काँग्रेसका धेरै नेता पक्राउ परे (नेपाल, २०७२, पृ. ४१)। राजनीतिक दल र विरोधी विचारको सम्प्रेषणमा कडा 'सेन्सरसीप' लगाइयो र पञ्चायतको प्रचारबाजीका लागि 'गोरखापत्र'लाई २०१७ फागुन ७ गतेबाट दैनिक बनाइयो। यता नेपाली काँग्रेसले पटनामा सम्मेलन वोलाई विघटित सरकारका उपप्रधानमन्त्री सुवर्णशमशेर राणालाई कार्यकारी सभापतिमा चयन गर्दै २०१८ कात्तिक २५ देखि प्रजातन्त्र पुनर्स्थापनाका लागि राजालाई दवाव दिन सशस्त्र क्रान्ति सञ्चालन गऱ्यो। अनी २०१७ पुष १ को शाही कदमपछि बन्द भएका 'नेपाल पुकार' र 'नेपाल टुडे' पत्रिकाको प्रकाशन सुचारु गरी भारतीय भूमिबाट भूमिगत घुम्ती रेडियो समेत सञ्चालन गरियो। क्रान्तिका क्रममा २०१८ माघ ९ गते जनकपुरमा राजा महेन्द्र सवार मोटरमा बम प्रहार भयो। त्यो घटनामा राजाको कोट जल्नुका साथै उनी सवार गाडीमा सामान्य क्षति भयो (अधिकारी, २०५८, पृ. ४७३)। देशका धेरै भूभागमा 'हिट एण्ड रन' अर्थात हान र भाग भन्ने रणनीतिका साथ काँग्रेसले चलाएको 'गुरिल्ला' आक्रमणबाट आजित भएपछि राजाले बेलायती राजदुत मार्फत थुनामा रहेका नेता बीपी कोइलासँग सँझौता गरी प्रजातन्त्र दिन आफू तयार रहेको सन्देश पठाए (गौतम्, २०६०, पृ. २३६)। बीपीले आफू बन्दी भएकाले कार्यकारी अध्यक्ष सुवर्णशमशेर राणासँग कुरा गर्न उचित हुने सल्लाह दिएर उनको विदा गरे। त्यसपछि बीपीले कलकत्तामा रहेका सुवर्णलाई खबर पठाए 'सशस्त्र क्रान्ति' फिर्ता नलिनु होला, राजा सम्झौता गर्ने पक्षमा छन्, परिस्थिती हाम्रो अनुकल वन्दै छ (नेपाल, २०७५, पृ. १९२)। संयोगले त्यही बेला भारत-चीन सम्वन्ध बिग्रदै गयो। २०१९ असोज १९ मा (५ अक्टोवर १९९२) चीनका विदेश मन्त्री मार्शल चेन यीले भारतीय भूमिबाट सशस्त्र क्रान्ति चलाउदै आएको काँग्रेसलाई संकेत गर्दै भनेका थिए, यदी कुनै विदेशी फौजले नेपालमा हमला गरे चिनी जनता नेपालको पक्षमा हुने छन्। म यो कुरा राजा र नेपाली जनतालाई विश्वास दिलाउन चाहन्छु (अधिकारी, २०७१, पृ. २१९)। यो घटनापछि सुवर्ण अप्ठेरोमा परे। २०१९ कात्तिक ४ गते देखि भारत-चीनबीच युद्ध शुरु भैहाल्यो। दुई छिमेकी विचको युद्धका कारण काँग्रेसले २०१९ कात्तिक २३ गते दोस्रो सशस्त्र क्रान्ति स्थगित गर्नु पऱ्यो।

## तेस्रो सशस्त्र क्रान्ति

सशस्त्र क्रान्ति स्थगित भएपछि सुवर्णशमशेरले राजासँग मेलमिलापको नीति अघि सारे। त्यसैको फलस्वरुप २०२५ सालमा बीपी आठ वर्ष लामो बन्दी जीवनबाट मुक्त भएर भारत प्रवासमा पुगे। अर्कोतिर कार्यकारी सभापति सुवर्णशमशेर क्रान्तिको बाटोबाट प्रजातन्त्र पुनर्स्थापना सम्भव छैन भन्दै राजासँगको सम्वन्ध सुधार्ने प्रयासमा थिए। बीपी भने ''हाम्रा राजाले बन्दुकको भाषा मात्र बुझ्ने भएकाले शान्तिपूर्ण सम्वादको अर्थ छैन, अव उनीसँग बन्दुककै भाषामा कुरा गर्नु पर्छ'' भन्ने गर्थे (गौतम्, २०७१, पृ. १९३)। स्थापनाको तीन दशक नपुग्दै २ वटा पटक सशस्त्र क्रान्ति गरिसकेको काँग्रेसमा बीपी तेस्रो क्रान्तिको तयारी गर्न थाले। भूतपूर्व सैनिक र पार्टीका युवाहरुलाई हतियारको तालिम दिने काम तिब्र बनाइयो। क्रान्ति प्रति युवाको ठूलो आकर्षण थियो र बीपीको भरोसा पनि युवामा (कार्की, २०७०, पृ. २१)। यसबीच बीपी युरोप भ्रमणमा गए। उपचारका लागि भनिए पनि त्यो भ्रमणको मुख्य उद्देश्य क्रान्तिका लागि अन्तराष्ट्रिय समर्थन र सहयोग जुटाउनु नै थियो।

२०२७ साउन २८ गते लण्डनका लागि उड्नु अघि बीपीले शैलजा आचार्य र चक्र बास्तोलालाई 'तरुण' पत्रिका प्रकाशित गर्ने जिम्मेवारी दिए। राजाको निरंकुशता विरुद्ध युवालाई जागरुक बनाउने खालका समाग्री राखेर २०२७ असोजमा तरुणको पहिलो प्रकाशन भयो। राजाको भयानक आलोचना गर्दै पञ्चायती व्यवस्था विरुद्ध जनआक्रोश पैदा गराउने खालका समाग्री तरुणमा प्रकाशन हुन थाले। सम्पादनको जिम्मेवारीमा रहेका काँग्रेस नेता चक्रप्रसाद बाँस्तोलाको भनाइमा तरुण पत्रिका विस्तारै बम गोला जस्तो भयो (बराल, : २०७५, कात्तिक ६)।'' उता युरोप भ्रमणका क्रममा लण्डनमा पुगेका बीपीले पत्रकार सामु भनेका थिए - ''सैन्य बलमा राजाले चलाएको निरंकुश शासन अन्त्य गर्न अब सशस्त्र संघर्ष अनिवार्य भैसकेको छ।'' भ्रमण सकेर फर्किएपछि उनले भारतबाट प्रकाशित हुने 'द इण्डियन एक्सप्रेस' पत्रिकालाई दिएको अन्तवार्तामा भनेका थिए -''राजाले वहुमत नेपाली जनताको चाहना र भावना बुझेर प्रजातन्त्र वहाली नगर्ने हो भने सशस्त्र क्रान्ति शुरु हुनेछ र त्यही क्रान्तिले राजतन्त्र राख्ने वा नराख्ने भन्ने कुरा निर्धारण गर्ने छ (गौतम्, २०७१, पृ. २५५)।''

यता राजा महेन्द्र पनि पञ्चायती व्यवस्थालाई धेरै समय टिकाउन सम्भव छैन भन्ने तहमा पुगि सकेका थिए। राजनीतिक सुधारका लागि संविधानको मस्यौदा तयार गरी काँग्रेस नेतृत्वसँगको सहमतिमा मुलुकलाई प्रजातन्त्रतर्फ लैजाने गृहकार्यमा उनी थिए। २०२८ माघ १६ गते संविधान पारित गर्ने, राजनीतिक दल माथिको प्रतिवन्ध फुकाउने र पार्टीहरुको सहभागितामा सरकार गठन गर्ने तयारीका लागि राजा आफैले चितवनको दियालो बंगलामा मन्त्रीपरिषद् को बैठक बोलाए (नेपाल, २०७५, पृ. २२७)। पहिलो दिनको बैठकमा सहमति हुन नसकेपछि माघ १७ गते सबै कुराको टुंगो लगाउने भनेर बैठक स्थगित गरेकै राति हृदयघात भएर राजाको मृत्यु हुन पुगेकाले प्रजातन्त्र दिएर मात्र मर्ने उनको चाहना पुरा हुन पाएन।

महेन्द्रको निधनपछि वीरेन्द्र राजा बने। बेलायत, अमेरिका र जापानबाट उच्च शिक्षा पाएका उनी शाहवंशकै विद्वान

राजा थिए (अधिकारी, २०७१, पृ. २३४)। देवकोटा (२०७३) का अनुसार - ''दरवारियाले नयाँ राजालाई उनका पिता पुर्खाको योगदान समेत बिर्साइदिने गरी ऐतिहासिक सम्राट हुने सपना देखाएर उकासे। कलिलो उमेरमै राजा बनेका वीरेन्द्रले बस्तुस्थिती नवुझेर सबै अधिकार आफूमा केन्द्रीत गर्न खोजेकै कारण मुलुकमा गणतन्त्रको विजारोपण हुन पुग्यो (पृ. १६७)।'' राजाले नयाँ शिक्षाको नाममा शैक्षिक व्यवस्थापनमा नियन्त्रण जमाउन खोजे, संविधान संशोधन गरे, गाउँ फर्क राष्ट्रिय अभियानलाई राजनीति नियन्त्रण गर्ने संयन्त्रका रुपमा स्थापित गरे।

राजाबाट राजनीतिक सुधारको संकेत नपाएपछि काँग्रेसले सशस्त्र क्रान्तिको तयारीमा तिव्र बनायो । पार्टीको योजनामा क्रान्तिकारीहरुले २०३० साल जेठ २८ गते विराटनगरबाट काठमाडौंका लागि उडेको शाही नेपाल वायु सेवा निगमको जहाज अपहरण गरी नेपाल राष्ट्र बैंकको तीस लाख भारतीय रुपैया कब्जामा लिएर जहाज र यात्रुलाई सकुशल फिर्ता गरिदिए (सुवेदी, २०७५, पृ. ५९)। हतियारको अभावमा सिथिल भएको क्रान्तिलाई जहाज अपहरणको घटनाले ठूलो उर्जा थपिदियो । त्यही पैसाले हतियार किनियो । पूर्वी नेपालको पहाडी जिल्ला ओखलढुङ्गा कब्जा गर्ने, समानान्तर सरकार बनाउने, भारतीय भूमिबाट क्रान्तिको मुख्यालय त्यही सार्ने र देशभर क्रान्ति विस्तार गर्ने योजना बमोजिम खटिएका अधिकांश यौद्धा सोलुखुम्वुको टिम्वुरबोटेमा सेनाको कारवाहीमा मारिए (चटर्जी, २०६३, पृ. १२१-१२३)। सैन्य कमाण्डर क्याप्टेन यज्ञवहादुर थापा पनि पक्राउ परे । १७ डिसेम्बर १९७४ का दिन 'टाइम्स अफ इण्डिया' मा समाचार प्रकाशित भयो '१६ एक्सट्रिमिस्ट किल्ड' शीर्षकमा (सुवेदी, २०७५, पृ. ८६)। ओखलढुङ्गाको असफलताले बीपी सशस्त्र क्रान्तिको बाटो परित्याग गरी पार्टीलाई शान्तिपूर्ण राजनीतिक मार्गमा लैजाने निष्कर्षमा पुगे । राजा र प्रजातन्त्रवादीबिचको दूरीले मुलुकको राष्ट्रियता नै खतरामा पर्न सक्ने विश्लेषण गर्दै उनी राष्ट्रिय एकता तथा मेलमिलापको नीतिका साथ ८ वर्ष लामो भारत प्रवासबाट २०३३ साल पुष १६ गते विनाशर्त हतियार बिसाएर आफ्ना ५ सहकर्मी गणेशमान सिंह, शैलजा आचार्य, रामबाबु प्रसाई, खुमबहादुर खड्का, निलाम्वर पन्थीका साथ स्वदेश फर्किए (दीक्षित, २०७१, पृ. १८०) । भोला चटर्जी (२०६३) संगको अन्तवार्तामा बीपीले भनेका छन्-

''राजाले दिन सक्ने जति दुख, कष्ट मैले भोगि सकेको छु। राजासंग डराउनु पर्ने कुनै कारण छैन। राजाले दिन सक्ने सबै भन्दा ठूलो पद प्रधानमन्त्री हो। म त्यो भैसकेको छु। फेरी राजाले दिएको प्रधानमन्त्री स्वीकार्न म तयार छैन। म यस कारण राजावादी छु, किनकी नेपालको सार्वभौमिकताको रक्षा गर्न, देश वनाउन र प्रजातान्त्रिक राजनीतिक प्रणाली कायम गर्न समेत हामीलाई राजाको सहयोग चाहिन्छ। राजासंगै भिड्नु परे त्यसैमा हाम्रो शक्ति समाप्त हुने छ र देश पनि वर्वाद हुने छ (पृ. १३५)।''

नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपीलाई अपदस्त गरी २०१७ पुष १ मा राजाले तनाशाही शासन सुरु गरे, आठ वर्षसम्म विनापूर्जी बन्दी बनाए, आठ वर्ष उनले प्रवासमा बिताउनु पऱ्यो, आठ ओटा राजाकाज सम्वन्धी खेप्नु पऱ्यो। तैपनि बीपी राजतन्त्रको विरोधमा नजानुको एउटै कारण थियो । राजाको अनुपस्थितीमा नेपाललाई स्वतन्त्र राख्न सकिदैन भन्ने उनको बुझाई।

## निष्कर्ष

अभिव्यक्ति स्वतन्त्रता माथि प्रतिवन्ध लगाइएको, प्रेस स्वतन्त्रता हरण गरिएको अवस्थामा मुलुकमा प्रजातन्त्र वहालीका लागि नेपाली काँग्रेसले चलाएका तीन सशस्त्र क्रान्तिमा पार्टीको नीति, विचार जनतासम्म पुऱ्याउन काँग्रेसले आफ्नो मुखपत्रको सहारा लिइएको थियो। त्यसका अतिरिक्त क्रान्तिको पक्षमा जनमत बनाउन राष्ट्रिय तथा अन्तराष्ट्रिय मिडियाको महत्त्वपूर्ण भूमि खेलेका थिए। जनतालाई जागरुक बनाउन, निरंकुश व्यवस्था र शासक विरुद्ध संगठित गरी प्रजातन्त्रको पक्षमा संघर्ष गर्ने अभिप्रेरणा दिन मिडियाको ठूलो भूमिका रहेको पाइन्छ।

## सन्दर्भ सूची


अधिकारी, हेमराज, (२०५८), *आजको नेपाल,* श्रीमती चन्द्रकला अधिकारी।

अधिकारी, सूर्यमणि, (२०७१), *नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास,* निराला पब्लिकेशन।

कार्की, डा. गोविन्दमानसिंह, (२०७०), *नेपाली काँग्रेसको सशस्त्र आन्दोलन* (वि.सं. २०३०-२०३१), बुद्व एकेडेमिक पव्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, प्रा. लि.।

कोइराला, तारिणीप्रसाद, (२०६१), रेडियो नेपालको जन्म, रेडियो नेपालको समाजिक इतिहास, मार्टिन चौतारी (सं प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाई, कृष्ण अधिकारी र कोमल भट्ट, पृ.५५-६८।

कोइराला, विश्ववेश्वरप्रसाद, (२०६७), आत्मवृत्तान्त, (संकलक, गणेशराज शर्मा), जगदम्बा प्रकाशन।

गौतम, राजेश, (२०५५), नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काँग्रेस-भाग १, श्रीराम श्रेष्ठ, कृष्णमुरारी अधिकारी।

गौतम, राजेश, (२०६०), *नेपालको प्रजातान्त्रिक आन्दोलन र गणेशमान सिंह,* बी.पी. प्रकाशन ।

गौतम, राजेश, (२०७१), *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काँग्रेस*-भाग ३, इला, शोभेन्द्र, निसिम ।

गौतम, राजेश, (२०७१), *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काँग्रेस*-भाग ५, इला, शोभेन्द्र, निसिम ।

चटर्जी, भोला, (२०६३), *बी.पी. कोइराला एक क्रान्तिकारी व्यक्तित्व,* साझा प्रकाशन ।

जोशी, रामहरि, (२०४८), *नेपालको नोभेम्वर क्रान्ति,* अन्तराष्ट्रिय मञ्च ।

दीक्षित, मदनमणि, (२०७१), *बीपी स्मृतिग्रन्थ,* रामेछाप, बीपी कोइराला प्रतिष्ठान, सम्पादक रमेश तुफान ।

देवकोटा, ग्रीष्मबहादुर, (२०५९) (तेस्रो संस्करण), *नेपालको छापाखाना तथा पत्रपत्रिकाको इतिहास,* साझा प्रकाशन ।

देवकोटा, राजेश्वर, (२०७३), *आत्मकथा,* ईश्वरचन्द्र देवकोटा ।

नेपाल, किशोर, (२०५७), *जनमतसंग्रहदेखि जनआन्दोलनसम्म, नेपाली* पत्रकारिताको विकास र प्रभाव, व्यावशायिक पत्रकारिता प्रतिष्ठान ।

नेपाल, किशोर, (२०७२), *मिडिया, सिद्धान्त,* सूत्र र प्रयोग, कथालय (विई रिड)।

नेपाल, जगत, (२०७५), *बीपीको विद्रोह,* बाह्रखरी बुक्स ।

पाठक, तिलक, (२०७०), साप्ताहिक पत्रकारिता (१९५८-२०७०), पृ.५३-७२, मिडिया रिडर, (सं. अर्याल, दिपक, केसी, भूवन र पाठक, तिलक), जगदम्बा प्रकाशन ।

पाँडे, भीमवहादुर, (२०४५), त्यो वखतको नेपाल भाग ४, भीमवहादुर पाँडे ।

प्रधान, भूवनलाल, (२०७१), नेपालको जनक्रान्ति २००७, हिमाल किताब ।

बराल, सिताराम, (२०७५), कात्तिक ६, बाँस्तोला भन्थेः राजा वीरेन्द्रकोचीनभ्रमणबारेप्रश्नउठाएँ,भारतीयसेनाबाटलिएको हतियार बंगलादेश पुऱ्याएँ, https://nepalkhabar.com/np/news/magazine/47992/

बस्नेत, पुरूषोत्तम, (२०६६), *नेपाली काँग्रेसको इतिहासको प्रारुप-भाग १,* पुरूषोत्तम बस्नेत ।

सुवेदी, दुर्गा, (२०७५), *विमान विद्रोह,* किताब पब्लिसर्स थापाथली ।

Joshi, Bhuwan lal & Rosem Leo E., (2061), *Democratic Innovation in Nepal*, Mandala Publication, University of California Berkeley and Los Angeles.

*Koirala, MP, (*2065), *A role in a revolution*, Jagadamba Prakashan.